कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि विकास कार्यालय,डोल्पा

प.सं. २०७७/०७८
चलानी नं:

मिति: २०७७/०४/१४

## सुचना ! सुचना !! सुचना !!!

नेपालमा केही बर्ष देखी विभिन्न बालीहरुमा अत्याधिक नोक्सान पुर्याउदै आएको अमेरिकन फौजी किरा हाल डोल्पा जिल्लामा लगाईएका मकै बालीमा पनि देखा परेको हुदाँ सम्पुर्ण कृषक तथा सरोकारवालाहरुलाई यो नयाँ तथा खतरनाक किरा पहिचान तथा नियन्त्रणको लागि यो सुचना जारी गरिएको छ। मुख्यतया मकै बाली मन पराउने यस किराले धान, गहुँ, कोदो, तरकारी लगायत अन्य बालीहरु पनि अत्याधिक क्षेती पुर्याउने हुनाले समयमै सचेत भई सावधानी अपनाउनु हुन अनुरोध गरिन्छ।

**अमेरिकन फौजि किरालाई कसरी पहिचान गर्ने ?**

- यस किराको प्रमुख क्षेती गर्ने अवस्था लार्भा अवस्था हो। लार्भाको निधारमा दुई वटा आँखाको विच भागमा अंग्रेजी अक्षरको उल्टो Y जस्तो चिन्ह देखिन्छ। लार्भाको शरिरको माथल्लो भागमा हल्का पंहेलो रंगका धर्काहरु टाउकोको पछाडि देखी पेटको अन्तिम भागसम्म रहेको प्रस्ट देखिन्छ।
- लार्भाहरु २ देखी ३ हप्ता पछी खैरो रंगका पुतली बन्दछन्। यि पुतली रातीमा सक्रिय भई पातको पछाडी अण्डा पार्दछन्।

**यसले कसरी क्षती गर्दछ ?**

- लार्भा अवस्थाले मकैको पात, गुभो, धान चमरा, जुंगा, घोगा तथा डाँठमा समेत क्षती पुर्याउद छ।
- लार्भाले पातको बाहिरी सतहमा कोत्रेर खाने भएकाले सिसाको झ्याल जस्तो आकृतिहरु देखिन्छन्।
- कलिलो अवस्थाको मकैको गुभो भित्र प्वाल पारी खान थाल्दछ।
- लार्भाको आक्रमण भएको ठाउँमा काठको धुलो जस्तो विष्टहरु देखिन्छन्।
- अत्याधिक आक्रमण भएको अवस्थामा पातहरु छियाछिया भएको देखिन्छ।

**यसको नियन्त्रण कसरी गर्ने त ?**

- खेतबारीमा यस किराको नियमित रुपमा अनुगमन गर्ने।
- सबै जनाले एकै समयमा अगौटे रुपमा मकै रोप्ने।
- मकै को जात छनौट गर्दा खोस्टाले घोगा पुरा ढाक्ने खाल्को छनौट गर्ने।
- मकै संग कोसेवालीहरु मिश्रित रुपमा लगाउनाले यसको क्षति कम हुन्छ।
- डेस्मोडियम घाँसको गन्ध यस किरालाई मन नपर्ने हुदाँ उक्त घाँस मकैबाली संगै लगाउने। र छेउछाउमा नेपियर घाँस लगाउने।
- पातको पछाडी देखिने झुण्डमा रहेका अण्डाहरु संकलन गरी नस्ट गर्ने।
- निमबाट बनेका जैविक विषादि जस्तै एजाडिराक्टिन १५०० पि .पि. एम. ५ एम. एल प्रति लिटर पानिमा राखी प्रयोग गर्न सकिन्छ।

थप जानकारीका लागि नजिकको पालिकाको कृषि शाखा तथा कृषि विकास कार्यालय डोल्पामा सम्पर्क गर्नु हुन अनुरोध छ।

कमल बहादुर सुनार
बाली संरक्षण अधिकृत
(बाली संरक्षण शाखा)

"सक्षम निजामति प्रशासन, विकास, समृद्धि र सुशासन"
टेलिफोन नं: ०८७-५५००९९,९७४८०००८११ फ्याक्स नं: ०८७-५५०१७३
ईमेल:- akcdolpa@gmail.com